**Nepalese Culture**
**Vol. XIV : 67-85, 2021**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/nc.v14i0.35426

# किसान जातिका परम्परागत संस्था, नेतृत्व प्रणाली, प्रथाजनित कानुन एवम् लोकविश्वास

**डा. लोकनाथ दुलाल,**
सह प्राध्यापक, संस्कृति विभाग
पद्मकन्या बहुमुखी क्याम्पस, त्रिवि
E-mail : dulalloknath@gmail.com

## लेखसार

*किसान नेपालमा बसोबास गर्ने अल्पसंख्यक लोपोन्मुख समुदायअन्तर्गत पर्ने आदिवासी जनजाति हो । यो समुदायको बसोबास विशेषत प्रदेश नं १ को झापा जिल्लाका विभिन्न गाउँवस्तीहरूमा पाइन्छ । नेपाल बाहिर भारतका विभिन्न स्थानमा यिनीहरू बसोबास गर्दछन् । यिनीहरूका मौलिक सामाजिक, सांस्कृतिक, धार्मिक विशेषता यो आदिवासी जनजातिलाई चिनाउने प्रमुख आधार हुन् । यो समुदायमा प्रचलनमा रहेको परम्परागत नेतृत्व प्रणाली, प्रथाजनित कानुन र लोकविश्वास पनि आफ्नै प्रकारको छ । राजा (गाउँबुढा वा वैगा), मन्त्री (वकिल) र सिपाही यो समुदायका प्रमुख नायक हुन् । यिनीहरूको खटन पटन, निगरानी र निर्देशनमा समाज चल्दछ । समाजलाई अनुशासित, मर्यादित, प्रभावकारी, व्यवस्थित र नियमन गर्ने यो समुदायमा केही नीति, नियम आचार संहिता छन् । ती यस जातिका प्रथाजनित कानुन हुन् । धर्म एवम् धार्मिक आस्था, सामाजिक प्रचलन र सांस्कृतिक परम्परासँग जोडिएका यिनीहरूका विभिन्न मूल्यमान्यता पनि छन् । ती यो जातिका लोकविश्वास हुन् । समग्रमा किसान जातिको सामाज एवम् समुदायको नियन्त्रण र निर्देशन राजा, मन्त्री र सिपाहीले परम्परादेखि स्थापित प्रथाजनित कानुनका साथै लोकविश्वासलाई आधार बनाएर गर्दछन् । यी सामुदायीक नायकहरू आफै पनि कठोर अनुशासन र मर्यादामा बस्दछन् । जातीय कानुन, लोकविश्वासका साथै व्यवहारिक आचार संहिता पालन गर्नु आफ्नो धर्म, दायित्व र कर्तव्य ठान्दछन् । तर यो समुदायका अपनत्व तथा मौलिक पहिचानका आधार मानिने त्यस्ता पक्षहरूका विषयमा उतिधेरै अध्ययन अनुसन्धान हुन सकेको छैन । यसर्थ परम्परागत नेतृत्व प्रणाली, प्रथाजनित कानुन र लोकविश्वासजस्ता पक्षलाई विश्लेषणको विषय बनाई शोधखोजगरी तयार पारिएका स्रोत सामग्रीहरू पर्याप्तरूपमा नपाइएका हुन् । निसन्देहः आंशिकरूपमा भए तापनि उक्त खाँचो परिपूर्ति गर्ने उद्देश्यले यो अनुसन्धान गरिएको हो ।*

**शब्द कुञ्जी:** किसान आदिवासी जनजाति,परम्परागत संस्था,नेतृत्व प्रणाली, प्रथाजनित कानुन, लोकविश्वास

## पृष्ठभूमि

किसान आदिवासी जनजातिको बसोवास विशेषतः झापा जिल्लामा पाइन्छ । भारतमा खासगरी पश्चिम बङ्गाल, उडिसा, झारखण्ड, विहार तथा उत्तरप्रदेशमा यिनीहरू बसोवास गर्दछन् । विशेषत झापा जिल्लाका धाइजन, मेचीनगर, बाहुनडाँगी, इटाभट्टा, अनारमनीजस्ता गाउँवस्तीहरूमा भारतबाट यहाँ प्रवेश गरेका किसानको बसोवास पाइन्छ। द्रविडियन प्रजाति समूहमा पर्ने यो जातिका त्यति धेरै थर तथा गोत्रहरू पाइदैनन्। जति छन्, त्यसलाई यिनीहरू आफ्नो वंशको अस्तित्व मान्दछन् । प्रारम्भमा किसानलाई कुन्ताम भनिन्थ्यो । हिजोआज कडा, कोरा, कोला, मोर्मा, विरहार, नागेसियाजस्ता नामले पनि यिनीहरू चिनिन्छन् । सेन्द्रिया र तेलीया नेपालमा बसोबास गर्ने किसानका प्रमुख थर हुन् (अधिकारी, क. २०५८, पृ. ४३-४७) ।

नेपालको कुल जनसङ्ख्यामध्ये लगभग ८१% जनसङ्ख्या कृषि पेशामा आधारित छन्। ती सबै पेशागत आधारमा किसान भए तापनि जातीय रूपमा किसान जाति मानिदैनन्। त्यसैले किसान भनेको झापा जिल्लाका केही स्थानहरूमा बसोबासगर्ने आदिवासी जनजातिअन्तर्गत पर्ने अल्पसङ्ख्यक समूह हो । यो जातिको बारेमा धेरैजसो विद्वान् एवम् समाजशास्त्री मानवशास्त्रीहरूलाई जानकारी नपुगेको हुनसक्दछ । आजसम्म कुनै पनि विद्वान्हरूले यस समुदायको बारेमा पर्याप्त अध्ययन अनुसन्धान गरेको देखिदैन । किसान जातिका सम्बन्धमा खोज तथा अध्ययनगरी प्रकाशित गरिएका ग्रन्थहरूको अभावले गर्दा यस जातिको उत्पत्ति र नामकरणका विषयमा स्पष्ट भन्न सकिदैन। केही विद्वान्हरूले यो जातिको सम्बन्ध उराव भाषासँग देखाउदै उराव भाषालाई कुरूख भनिने र कुरूखको अर्थ किसान हुने भएकोले उराव भाषा बोल्ने एउटा समूहलाई कालान्तरमा किसान भनिएको हो भन्दछन् (अधिकारी, २०५८, ख. पृ.२)।

किसान जातिमा आफ्नै प्रकारका संस्कारगत कर्महरू गर्दछन्। एउटा बालकको दुईपटक न्वारन गर्ने चलन छ। छोराछोरी जे भए तापनि छ दिनमा हजाम बोलाइ कपाल काटेर पहिलो पटकको न्वारन र बाह्रौ दिनमा दोस्रो न्वारन सम्पन्न गर्दछन् । यो विधिलाई 'वरही' भन्ने चलन छ (अधिकारी २०५८, क. पृ. ४९) । यो जातिमा प्रेमविवाह, विधवाविवाह, बहुविवाह प्रथाहरू प्रचलित छन् । विधवा विवाह सगइ विवाह हो । मृत्युसंस्कार सम्पन्न गर्ने परम्परा अनौठो छ। मृतकको लासमा तेल वेसार दल्छन्। यसलाई हर्दी तेल माइक दे विधि भन्दछन्। लास जलाउने र गाड्ने दुबै हुन्छ। संस्कार गर्ने ठाउँ किन्नुपर्ने परम्पराअनुसार सम्बन्धित स्थल वरिपरि रूपैयापैसा फालिदिन्छन्। मुख्य कर्ताले १३ दिनसम्म जुठो बार्नु पर्दछ। चोखिएको भोलीपल्ट सबै परपाहुनालाई बोलाई एउटा रातो भाले काटेर भोज खुवाउँदछन्। यो छाइपहुनक विधि हो। किरिया बस्ने छोराले र पत्नीले वर्ष दिनसम्म सेता कपडा लगाएर आसौच बार्ने चलन छ।

पुरुषहरू मूलतः कमिज र धोती एवम् महिलाहरू सारी र चोली लगाउँदछन्। चाँदुवा (पैसाको माला), सिक्री, तक्री (झुम्का), लोला (टप), बेरा (मोटा चुरा), चुरी, धुन्सी (पेटी), पैरही (चप्टो कल्ली), झुटिया (विच्छी), खङसो, चौरी (कपालमा लगाउने धागो) जस्ता गरगहना महिलाहरूले लगाउने आभुषण हुन् । गरगहनाहरू चाँदीका हुने गर्दछन्। धनसम्पत्ति जति भए तापनि सुनका गरगहना लगाउदैनन्। किसान जाति र उनीहरूका परम्परागत संस्था, नेतृत्व प्रणाली, प्रथाजनित कानुन र लोकविश्वासका विषयमा आजसम्म पर्याप्त अध्ययन अनुसन्धान हुन सकेको छैन । यो यस क्षेत्रको ठूलो समस्या बनेको छ । यो अभाव परिपूर्तिका निम्ति किसान

जातिका परम्परागत संस्था, नेतृत्व प्रणाली, प्रथाजनित कानुन एवम् लोकविश्वास शीर्षकको प्रस्तुत लेख तयार पारिएको हो ।

## अनुसन्धानका समस्या

नेपालमा बसोबासगर्ने धेरै जातजातिका बारेमा विभिन्न दृष्टिकोणबाट मनग्य अध्ययन अनुसन्धान भएका छन् । केही समुदाय यस्ता छन् जसका विषयमा हिजोआजसम्म पनि पर्याप्त शोधखोज हुन सकेको देखिदैन । पर्याप्त अध्ययन हुन नसकेको जातीय समुदायअन्तर्गत किसान जाति पनि पर्दछ । किसान जाति के हो र जातीय पहिचानका आधार के के हुन् ? यिनीहरूका मौलिक, सामाजिक, सांस्कृतिक परम्परा के कस्ता छन् ? धर्म, धार्मिक विश्वास र देवोपासना प्रणाली कस्तो छ ? मौलिक प्रथा, नेतृत्व प्रणाली र प्रथाजनित कानुन के कस्ता छन् ? भन्ने विविध विषयलाई समेटेर शोधखोज गरिएका सामग्री पर्याप्त छैनन् । यसलाई किसान जातिको अध्ययनसँग जोडिएको समस्या मान्नुपर्दछ । प्रस्तुत लेख मूलतः माथि उल्लिखित जिज्ञासाको समाधान र अनुसन्धान अभाव परिपूर्ति गर्ने उद्देश्यले तयार पारिएको हो ।

## अनुसन्धानका उद्देश्य

प्रस्तुत लेख किसान जातिका परम्परागत संस्था, नेतृत्व प्रणाली, प्रथाजनित कानुन एवम् लोकविश्वाससँग सम्बन्धित विविध पक्षको विश्लेषणका निमित्त तयार गरिएको हो । यस क्रममा किसान जातिको चिनारी, जनसङ्ख्या, बसोबास, थर तथा गोत्रजस्ता पक्षको पनि विवेचना गरिएको छ । यी सन्दर्भ सामान्य उद्देश्यअन्तर्गत पर्दछन् । साथै किसान जातिका जातीय पहिचानसँग सम्बन्धित विविध पक्षको अन्वेषण गर्नु, यस जातिका परम्परागत संस्था, नेतृत्व प्रणाली एवम् प्रथाजनित कानुनसँग सम्बन्धित विविध पक्षको विश्लेषण गर्नु र किसान जातिमा प्रचलित लोकविश्वासँग सम्बन्धित विविध पक्षको पहिचान गर्नु प्रस्तुत लेखका विशिष्ट उद्देश्य हुन् ।

## अनुसन्धान विधि

यो अध्ययन विश्लेषणात्मक र विवरणात्मक ढाँचामा अनुवन्धित छ । यसमा सङ्ख्यात्मक भन्दा गुणात्मक तथ्याङ्क प्रयोग गरिएका छन् । प्राथमिक तथा द्वितीयक दुवै प्रकारका तथ्याङ्क एवम् सूचनाको विश्लेषण गरिएको छ । प्राथमिक तथ्याङ्क मूलतः झापा जिल्लाको धाइजन, मेचीनगर, बाहुनडाँगी, इटाभट्टा, अनारमनीजस्ता गाउँवस्तीमा बसोबासगर्ने किसान समुदायबाट सङ्कलन गरिएको हो । यस क्रममा अवलोकन र अन्तर्वार्ता विधि प्रयोग गरिएको थियो । द्वितीयक तथ्याङ्क पूर्वकार्य समीक्षाबाट सङ्कलन गरिएका हुन् । यस क्रममा अधिकारीको (२०५८ क) किसान जाति एक चिनारी, खोजी नेपाल (२०५९) को मोरङ एवम् झापा जिल्लाका मेचे किसान, तथा धिमाल जातिको जातीय संस्कृति झल्कने खुला सङ्ग्रहालयको रूपमा विकास गर्न गाउँको छनोटका निम्ति प्रस्तुत अध्ययन प्रतिवेदन, गुणायत (१९६०) को उराव और साहित्य, उक्याव र अधिकारी (२०५७) को नेपालका आदिवासी जनजातिहरू, शर्मा (२०५२) को नेपालको सामाजिक सांस्कृतिक इतिहासमा आदिवासीहरूको योगदान, यादव (२०५४) को नेपालका मधेशी समुदायः एक विवेचना, यादव (२०६७) को किसान जातिको भाषा र संस्कृतिको अध्ययन, C.B.S. (2012) को National Population & Housing Census-2011, (National Report), Dahal (1977) को Indian Ethnic Group in the Nepal Terai : A Study

of InPatterns and Socio-economic behaviour, Risley (1981) को The Tribes and Castes of Bengal: Ethnographic glossary, WWW.censusindia.gov.in, /https://joshuaproject.net-people gr (2076/04/48) जस्ता ग्रन्थका साथै विद्युतीय माध्ययमा समावेश गरिएका स्रोत सामग्रीको समीक्षा गरिएको छ ।

## किसान जातिको चिनारी

किसान खाग्रा जातिअन्तर्गत पर्दछन् । यिनीहरूको भाषालाई साद्री भाषा भनिन्छ । किसान लगायत खडिया, मुन्डा, कबुँर, खतिया, ग्वाल र उराँवजस्ता समुदायको मातृभाषा पनि साद्री हो । भारतमा यो जातिलाई नागोसिया भन्दछन् (यादव, २०६७, पृ. ८१) ।नेपालमा यो जातिको बसोबास झापा जिल्लामा पाइन्छ । यो जातिको चिनारीका क्रममा उत्पत्ति तथा नामकरण, शारीरिक लक्षण तथा विशेषता, जनसङ्ख्या तथा बसोबास र नेपालमा आगमनजस्ता पक्षको छुट्टाछुट्टै विश्लेषण गरिएको छ ।

**उत्पत्ति तथा नामकरण :** किसान जातिको उत्पत्ति तथा नामकरणका सम्बन्धमा विभिन्न किसिमका अवधारणाहरू प्रचलनमा छन् । एकथरी विद्वान्हरू उराव भाषाको कुरूखको अर्थ किसानी हुन्छ । अतः उराव जातिको एक समूह जो विशेषतः खेती किसानीमा संलग्न हुँदैगए त्यो समूहले कालान्तरमा किसान जातिको रूपधारण गरेको हो भन्दछन् । किसान जातिका मानिसहरू आफ्नो सम्वन्ध उराव तथा झाँगड जातिसँग जोडेको मनपराउँदैनन् । यिनीहरू कुशबाट किसान जातिको उत्पत्तिभई पछि छुट्टै जातिका रूपमा रूपान्तरण भएका हुन् भन्ने धारणा पनि छ (खोजी नेपाल, २०५८, पृ.७३) । यो जाति प्रारम्भमा भारतमा चिया खेतीको कामगर्ने समूह थियो । कालान्तरमा चिया खेतीमा कामगर्ने विशिष्ट सिप भएका एउटा छुट्टै मजदुरहरूको समूहलाई किसान भनियो । यस सन्र्दभमा यादव (२०६७, पृ. ८२) ले भनेका छन्:

> नेपालमा यो जातिको बसोबास झापा जिल्लामा पाइन्छ । भारतको झारखण्ड राज्यमा किसान, कोरबा र उराबको बसोबास थियो । यिनीहरूका धार्मिक नेता क्रमशः लाबुड किसान, डेण्डा कोरबा र चुन्नी उराव थिए । यी तिनै जना धार्मिक नेता महादेव र पार्वतीका अनुयायी हुन् । यिनीहरू टोना वा जादु गर्न जान्दथे । उक्त सीपका कारण शक्तिशाली थिए । यिनीहरूलाई मुसलमान बादशाहले युद्रमा पराजित गरे । यस पछि भागेर उत्तरपूर्व हुँदै पश्चिम बंगाल, आसाम र नेपाल प्रवेश गरेका हुन् । यिनीहरू मिहेनती थिए । बेलायती मजदुरको रूपमा चिया बगानमा काम गराउन आसाम र पश्चिम बंगाल ल्याइए । पैसा थोरै र सुरक्षाको अभावमा यिनीहरू पछि नकलबान्दा नाकाहुँदै नेपाल प्रवेशगरी जंङ्गल फँडानीगरी बसे।

किसान जातिलाई विभिन्न विद्वान्हरू कसैले उराव र कोहीकसैले झाँगडका सन्तान भनेर मान्दछन् । तर यिनीहरू आफूलाई उरावभन्दा उच्च जातको ठान्दछन् । उराव जातिसँग सम्बन्धित गराएको मन पराउँदैनन् । उनीहरू आफूलाई कुशका सन्तान मान्दछन् । आफ्नो जातिको उत्पत्ति कुशबाटै भएको विश्वास यिनीहरूमा छ । हामी उराव एवम् झाँगड होइनौं । हाम्रो आफ्नै संस्कृति, परम्परा एवम् जातीय पहिचान छ । वर्षौंवर्षदेखि समाजमा प्रचलनमा रहँदै आएका हाम्रा आफ्नै रहन सहन छन् । वास्तवमा हामी त कुशवाट उत्पन्न भएका र पछि किसान भनिन थालिएको हो । त्यसैले हामी कुश गोत्रीय ब्राह्मण हौं। प्रारम्भमा हाम्रा पूर्वजहरूले पनि

जनै लगाउने गर्दथे । एकपटक जनै मुसाले काटेर अपवित्र पारिदिएपछि कालान्तरमा लगाउन छोडेको हो । हामी ब्राह्मण जातिका नै हौं (अन्तर्वार्ताः जोगी किसान) ।

वास्तवमा किसानहरू कुश गोत्रीय ब्राह्मण भएको र जनै लगाउने गरेको मुसाले जनै काटेपछि लगाउन छाडेको देखिन्छ । त्यसोहुँदायस सन्दर्भले प्रारम्भमा कोही कुश नाम गरेका व्यक्तिबाट जन्मिएका सन्तानहरूलाई कुश भन्दै जाँदा उक्त शब्द अपभ्रंशभई किसान जातिको नाम रहन गएको सङ्केत गर्दछ । किसान जातिका मानिसहरू हिजोआज पनि व्यापार वाणिज्य, उद्योगधन्दा, नोकरीभन्दा कृषि पेशामा नै आधारित छन् । झापामा खासगरी चियाखेतीमा यो जातिको संलग्नता बढी छ । खेती किसानीमा मात्र अधिक समय संलग्न रहेका कारण पनि उनीहरूलाई किसान भनिएको हुनुपर्दछ ।

**शारीरिक लक्षण तथा विशेषता :** मानवशास्त्रीय दृष्टिकोणले यहाँ बसोबासगर्ने सम्पूर्ण जातिलाई नेग्रिटो, आग्नेय (निसाद) मंगोल (किराँत) भूमध्यसागरीय (द्रवीण), पश्चिमी (वर्तुमुण्ड) र नार्डिक (आर्य) गरी ६ भागमा वर्गीकरणगर्ने गरिन्छ (शर्मा, २०५२, पृ. ८६) । यी प्रजातीय समूहमध्ये होचो शारीरिक वनावट, शरीरको तुलनामा ठूलो टाउको, घुङ्ग्रीएको कालो तथा वाक्लो कपाल, कालो वर्ण, कालो वर्णका आँखा, चौडा तथा ठूलो नाक, मोटो ओठ द्रविडियन प्रजातिका प्रमुखशारीरिक लक्षण हुन् (Roy, 2005, p. 212) । उक्त विशेषतासँग किसानजातिका शारीरिक संरचना धेरै मिल्दाजुल्दा पाइन्छन् । त्यसोहुँदा शारीरिक लक्षणका आधारमा किसानलाई द्रविडियन प्रजाति मूलको जाति मान्न सकिन्छ । मेहनती, शान्त, सोझो, मिलनसार, सत्य तथा निष्ठा, कोहीकसैलाई बिना कारण दुःख नदिने, सबैसँग समान विचार तथा सद्भाव राख्नेजस्ता मनोवैज्ञानिक पक्ष यिनीहरूका व्यवहारिक लक्षण हुन् ।

**जनसङ्ख्या तथा बसोबास :** नेपालमा मात्र होइनभारतमा पनि यो जातिका मानिसहरू बसोबास गर्दछन् । भारतमा यो जातिको कुल जनसङ्ख्या ४,६७,२८८ छ । यसमध्ये उडिसामा ३३१५८९, पश्चिम बंगालमा ९८४३१, झारखण्डमा ३७२६५ र बाँकी अन्यत्र पाइन्छन् । कुरूख, सुन्दरकारही, उडिसा, हिन्दी, अंग्रेजी, सर्द्रीजस्ता भाषा भारतमा यिनीहरूले बोल्ने मातृ भाषा हुन् (WWW.censusindia.gov.in,2076/04/18) । नेपालमा वि.सं. २०५८ को जनगणनामा किसान जातिको जनसङ्ख्या २८७९ थियो । वि.स.२०६८ को जनगणनाअनुसार यो जातिको जनसङ्ख्या १७३९ छ । यसमध्ये महिला ९०८ (५२.२१%) र पुरुषहरू ४७.७९%) छन् । बसोबास क्षेत्र हेर्दा ग्रामीण क्षेत्रमा १०९६ र सहरी क्षेत्रमा ६४३ का साथै भू-धरातलीय आधारमा हेर्दा हिमाली क्षेत्रमा १, पहाडी क्षेत्रमा ६७४, तराइ क्षेत्रमा १०६४ को बसोबास देखिन्छ । विकास क्षेत्रका आधारमा भने पूर्वाञ्चलमा १०५६, मध्यमाञ्चलमा १९, पश्चिमाञ्चलमा ६५६, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलमा ४/४ जनाको बसोबास पाइन्छ (CBS, 2012, pp. 150-156) ।

नेपालमा यो जातिको बसोबास मूलतः झापा जिल्लामा भए तापनि मेची अञ्चलमा १,०००, धौलागिरी ६००, महाकाली १००, नारायणी १००, कोशी, १००, बागमती १००, सेती ५०, गण्डकी २० गरी २१०० जनसङ्ख्या रहेको एक प्रतिवेदनमा उल्लेख छ (https://joshuaproject.net-people_gr…2076/04/48) । नेपालमा यस जातिको बसोबास झापा जिल्लाका धुलावारी, धाईजन, पशुपतिगाउँ, सतीघट्टा, खुट्टेडाँगी, च्याल्मेगाउँ,

आयावारी, कालाखुट्टा, माहुरमाडी, सुवाबस्ती, कठरडागी, बुट्टावारी, शान्तिनगर जस्ता गाउँ बस्तीहरूमा पाइन्छ। झापामा यिनीहरूको जनसङ्ख्या ११०० भन्दा बढी छैन (अधिकारी, २०५८, क. पृ.४३)।

कुरूख, सुन्दरकारही, उडिसा, हिन्दी, अंग्रेजी, सर्द्रीजस्ता भाषा भारतमा यिनीहरूले बोल्ने मातृ भाषा हुन् (WWW.censusindia.gov.in, 2076/04/18)। किसान जाति द्रविडिवन मूलका उराव लिपि र द्रविडीयन भाषा बोल्ने जाति मानिन्छ। कुन्ताम यो जातिको परम्परागत नाम भए तापनि हिजोआज कुडा, कोरा, मिर्धा, कोला, मोर्भा, विरहोर, नागेसिया जस्ता विभिन्न नामले चिनिन्छ (उक्याव र अधिकारी, २०५७, पृ. ८)।

**नेपालमा आगमन :** नेपालको तराई खण्डमा बसोबास गर्ने मधेश मूलका समुदायका भाषा, खानपिन र गरगहना, पोशाक, बानी व्यवहार, सामाजिक, सांस्कृतिक तथा शारीरिक विशेषताहरू भारतीय सिमा क्षेत्र खासगरी विहार, उत्तर प्रदेश र वंगालमा बसोबास गर्ने जातिहरूसँग मिल्दो जुल्दो देखिन्छ। अतः नेपालको तराई क्षेत्रका वासिन्दा र भारतबाट बसाई सरी पछि मात्र भित्रिएका जनजातिहरूको बीचको भिन्नता पहिचान गर्न अत्यन्त कठिन छ (Dahal, 1977, p.30)। त्यसोहुँदा किसान जातिको नेपालमा प्रवेशको समय तोक्न र यिनीहरू आदिवासी हुन् वा भारतबाट बसाई सरेर भित्रिएका हुन् भन्ने विषयको टुङ्गो लगाउने कार्य निकै गाह्रो विषय हो।

नेपालको सुनसरी क्षेत्रमा बसोवासगर्ने उराव (झाँगड) जातिहरू किसान जातिका पूर्वज हुन् सक्दछन् (अधिकारी, २०५८, क. पृ. ४४)। उराव भाषालाई कुरूख भनिन्छ। जसको अर्थ गियर्सनले किसानी, घाघरी, खेण्डरोई हुन्छ भनेका छन् (त्रिगुणायत, १९६०, पृ. ११७)। यसर्थ कालान्तरमा उरावहरूमध्ये एउटा समूह किसान जातिको रूपमा चिनिन थालेको हुनुपर्दछ। भारतमा पनि उडिसा र विहारमा उराव किसानहरूको बसोबास पाइन्छ। नेपालका किसान र भारतका किसान जातिको जातीय संस्कृति सभ्यता मिल्दो जुल्दो देखिदैन (उक्याव र अधिकारी, २०५७, पृ. ८)।

किसान जाति झापाका विभिन्न क्षेत्रमा कहाँबाट कहिले प्रवेशगरी बसोवासगर्न थालेका हुन् भन्ने बारेमा विसत अध्ययनको अभावमा ठोस रूपमा भन्न सकिदैन। तर झापाका आदिवासी राजवंशी, सतार तथा धिमाल जाति सरह नै भारतका विभिन्न स्थानहरूबाट नेपालमा प्रवेश गरेको अनुमान गर्न सकिन्छ।किसान जातिको नेपालमा प्रवेश र बसोवासको सन्दर्भमा यिनीहरूको आफ्नै किसिमको धारणा छ। स्थानीयहरूले दिएको जानकारीअनुसार भारतको बंगालबाट आएका हुन्। भारतको बंगाल प्रदेशमा हिजोआज पनि ठूलो सङ्ख्यामा यो जातिको बसोवास छ। यद्यपि नेपालमा कहिले प्रवेश गरे भन्ने विषय भने निश्चितगर्न गाह्रो रहेको उनीहरूको ठम्याइ छ (अन्तर्वार्ताः जोगी किसान, २०७५, मेची नगरपालिका)।

खासगरी अठारौं शताब्दीको प्रथम चरणदेखि १९ शताब्दीको अन्त्यसम्ममा भारतबाट विभिन्न कारणहरूले गर्दा किसान जातिको प्रवेश नेपालमा भएको हो। जुनबेला राणा सरकारले रस्ती रसाउने बस्ती बसाउने नीति अवलम्बन गरी नेपालमा खेतीयोग्य जमिन विस्तारका लागि जङ्गल फँडानी गर्ने श्रमिकको आवश्यकता महशुस गऱ्यो। त्यसबेला जङ्गल फडानी गर्ने ठेकेदारहरूले विभिन्न आश्वासन देखाएर श्रमिक ल्याउने क्रममा किसान जाति पनि भित्रिएको हुनुपर्दछ (खोजी नेपाल, २०५९, पृ. ७५-७६)। विहार र बंगालमा सन् १७६९/७० मा परेको अनिकालका कारण नेपालमा किसान जातिको प्रवेश भएको स्वीकार गर्ने हो भने नेपालमा यो जातिको इतिहास

२५० वर्षको छ । त्यस्तै सन् १७७४ को राणा सरकारको रस्ती रसाउने बस्ती बसाउने नीति अनुसार यिनीहरू नेपाल प्रवेश गरेको भए नेपालमा यिनीहरूको इतिहास लगभग २४४ वर्ष पुगेको देखिन्छ ।

## परम्परागत संस्था, नेतृत्व प्रणाली र निर्णय प्रक्रिया

**परम्परागत संस्था :** कुनै पनि साझा लक्ष्य प्राप्त गर्न स्थापना गरिएका व्यक्तिहरूको समूहको बनावटलाई सङ्घ संस्था भनिन्छ । सङ्घ संस्था आफ्ना उद्देश्यअनुरूप निश्चित नीति, नियम र सिद्धान्तमा आधारित रहेर सञ्चालित गरिन्छन् । यस्ता सङ्घ संस्था मूलतः उद्देश्यमूलकभई घर परिवारको भौतिक तथा मानवीय वातावरणलाई सेवा पुऱ्याउने लक्ष्यले खोलिएका हुन्छन् (दिवस, २०६५ क, पृ.३२८) । मौलिक शब्द बुझाउन अङ्ग्रेजी भाषाको इन्डिजिनियस शब्द प्रयोग गरिन्छ । यो शब्द ग्रीक भाषाको इन्डसबाट आएको हो । यसको अर्थ भाषा, धर्म, संस्कृति र आदिवासी हुन्छ । विश्व बैंकको प्रतिवेदनले ग्रामीण क्षेत्रका समुदायको आर्थिक, सामाजिक पक्षसँग सम्बन्धित संस्थालाई मौलिक संस्था भनेको छ ।

समाज समुदायमा व्यवस्था गरिएका प्रथा र चलनलाई लागुगर्न आदिवासी जनजातिले आफ्नो न्यायिक प्रशासनिक अङ्ग परिषद जस्ता संस्थागत संरचना विकास गरेका हुन्छन् । यस्ता निकायहरूको नियम तथा कानुनको आफ्नै व्यवस्था हुन्छ । त्यस्ता निकायहरूमा प्रथाजनित कानुनपालना भए नभएको निश्चित गर्ने अधिकार रहन्छ । कानुनको पालना नभएको अवस्थामा ती निकायहरूले सजायको व्यवस्था पनि गर्न सक्दछन् । व्यक्तिगतरूपमा गल्ति गरेमा त्यस्ता निकायलाई गल्तीको प्रकृति हेरी निश्चित सजायगर्ने अधिकार रहन्छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन, महासन्धि १६९ को धारा ८ मा प्रथाजनित कानुनको महत्व स्पष्ट पार्ने प्रावधान पाइन्छ । यस्ता निकायहरूको महत्व उल्लेख गरिएको छ । समग्रमा प्रथाजनित कानुनअनुसार व्यवस्था गरिएका जातीय संरचनाहरू नै सम्बन्धित समुदायका मौलिक संस्था हुन् (आइएलओ, २००९, पृ. ८१) ।

परम्परागत सामाजिक संस्था समाजद्वारा समाजका सदस्यहरूको विभिन्न उद्देश्य पूर्तिका निम्ति बनाइएको नियम तथा कार्यप्रणालीको व्यवस्था हो । यस्ता संस्था समाजद्वारा मान्यता प्राप्त कार्य गर्ने निश्चित प्रक्रिया हुन् । समाजद्वारा मान्यताप्राप्त संस्था भनेको व्यक्तिहरूको समूह, उनीहरूद्वारा स्थापित सङ्गठनबाट गरिने कार्य प्रक्रिया वा कार्यप्रणालीको एउटा स्वरूप हो । यसलाई मानवको आधारभूत आवश्यकता परिपूर्तिका लागि विकास गरिएको नियम एवम् कार्यप्रणाली पनि मान्न सकिन्छ । वास्तवमा संस्था समाजका सदस्यहरूको कार्यप्रणालीको एक व्यवस्थित नियम हो । जसले आफ्नो उद्देश्यअनुरूप आफ्ना सदस्यहरूलाई कार्यगर्न प्रेरित गर्दछ (दिवस, २०६५ ख, पृ. ११६-११७) । मौलिक संस्था के कस्ता संस्था हुन भन्ने सन्दर्भमा तलको चित्रबाट थप जानकारी प्राप्त गर्न सकिन्छ ।




स्रोत : दुलाल, २०७४, पृ. १०५

मानव जातिको विकासको क्रम हेर्दा आदिम कालदेखि नै सामूहिक नेतृत्वको भावना विकास हुँदैआएको देखिन्छ । आदिम समूह, जाति वा गोत्र समाजको विकास र समाजमा मुखिया प्रथा जस्ता अवधारणाको क्रमिक विकासले सामाजिक नेतृत्वको भावना जन्मिएको हो । मानिस शिकार युगबाट कृषिको युगमा प्रवेश गऱ्यो । विस्तारै अन्तर्गोत्रीय र अन्तर्जातीय सम्बन्ध विस्तारबाट समूह सशक्त तथा सङ्गठित भयो । आर्थिक, सामाजिक तथा धार्मिक क्रियाकलाप सम्पन्न गर्न अनेक केन्द्रहरू स्थापित गरिए । यो क्रमले मुखिया प्रथाका साथै सङ्घ संस्थाहरू अस्तित्वमा आउँदै गएका हुन् (खत्री, २०५५, पृ. २५३) । यसै सिद्धान्तअनुसार नै किसान जातिमा पहिला पहिला गाउँको झै झगडा मिलाउने कचहरी नाम गरेको एउटा संस्था नै हुन्थ्यो । गाउँको अगुवा वा महत्रो कचहरीको नायक हुन्थे (झापा समाचारदाता, २०७६, पृ. १५) ।


**नेतृत्व प्रणाली :** नेतृत्व विकासका सन्दर्भमा अमेरिकन मानवशास्त्री मार्विन ह्यारिसले भनेका छन् मूलतः स्थानीय स्रोतसाधन माथिको नियन्त्रणमा प्रतिस्पर्धा र बसोबास क्षेत्रको रक्षा तथा विस्तारजस्ता आवश्यकताले नेता (big man) जस्तो पदीय नेतृत्व जन्मियो । त्यो नै समाज समुदायको नायक अर्थात् मुखिया हो । उसले उत्पादन, वितरण र उपभोगमा नियन्त्रण, अतिरिक्त वचत, छिमेकी वस्तीहरूसँगको प्रतिस्पर्धा, आफ्नो समूहको रक्षा, हेरविचार तथा निगरानीजस्तो दायित्व र जिम्मेवारी प्रभावकारी ढङ्गले पुरा गर्नुपर्दथ्यो (खत्री, २०५५, पृ. २७६-२७७) । यो सन्दर्भले के सङ्केत गर्दछ भने प्रागऐतिहासिक कालदेखि नै नेतृत्व छनोट तथा स्वीकारगर्ने र उसको घटनपटनमा समाज समुदाय सञ्चालनगर्ने प्रचलन कुनै न कुनै रूपमा अस्तित्वमा थियो । फरक यति हो त्यसबेलाको नेतृत्वको दायरा ठूलो तथा फराकिलो थिएन । सानो थियो ।

वास्तवमा आदिम समाजमा देखिएको मुखिया प्रथा नेतृत्व प्रणालीको प्रारूप हो । मुखिया प्रथा प्रागऐतिहासिक युग अर्थात् फलफूल सङ्ग्रह तथा शिकारी संस्कृतिमा नै अस्तित्वमा थियो (खत्री, २०५५, पृ. २५६) । आदिम युगमा नेतृत्वले एउटा सानो समूहको रक्षा, हेरविचार तथा निगरानी, स्थानीय स्रोतसाधन

माथिको नियन्त्रणमा प्रतिस्पर्धा र बसोबास क्षेत्रको रक्षा तथा विस्तारजस्ता सिमित कार्यसम्पादन गर्दथ्यो । शारीरिक शक्तिका आधारमा नेतृत्व छान्दथे । जव मानिस सङ्गठित रूपमा बसोबासगर्न थाल्यो तव नेतृत्व छनोटको प्रारम्भिक अवधारणामा केही परिवर्तन आयो । शारीरिक सवलता र शक्तिका साथै सम्वन्धित व्यक्तिको अनुभव, ज्ञान, सिप, चेतना, गुण र उसको उपयोगिताजस्ता पक्षलाई प्रधानता दियो । त्यसोहुँदा राजा, पुजारी, पुरोहित, धामी, झाँक्री, जादुगर, सरदार, मुखियाजस्ता नेतृत्व जन्मियो ।वास्तवमा आजको नेतृत्व प्रणालीको विकास त्यही पृष्ठभूमिमा भएको हो । आदिमकालको आफ्नो समूहको संरक्षणगर्ने उक्त प्रारभ्मिक धारणाले मुखिया प्रथाको जन्म भयो ।यस सन्दर्भमा (दुलाल (२०७६, पृ. ७६) लेख्छन् :

> सामाजिक नेतृत्व सम्बन्धित समुदायको नायक हो । घर, परिवार, समाज, समुदायलाई नियन्त्रित एवम् व्यवस्थितरूपमा सञ्चालन गर्न व्यवस्था गरिएको प्रमुख व्यक्तिलाई नायक एवम् नेता भनिन्छ । सामाजिक नेतृत्व समाजका सदस्यहरूले स्वीकार गरेको, मानेको, अनुभवसिद्ध, जानेको बुझेको र समाजकै सदस्यहरू मध्येबाट छनोट गरिएका व्यक्ति हुनुपर्दछ । समाजका सबै सदस्यहरूसँग समानरूपमा व्यवहार गर्नसक्ने क्षमता, झैझगडा समाधानगर्न सिपालु, पूर्वाग्रह तथा पक्षपात नगरी न्यायनिसाफ दिनसक्ने क्षमता र मनोविज्ञान, आफ्नोभन्दा समाजका सदस्यहरूको भलाइलाई महत्व दिने जस्ता गुणहरूले युक्त व्यक्तिले मात्र सामाजिक नेतृत्व लिने अवसर प्राप्तगर्न सक्दछन (दुलाल, २०७६, पृ. ७६) ।

यसै सिद्धान्तका आधारमा किसान समुदायमा पनि सामाजिक नेतृत्वको व्यवस्था गरेको देखिन्छ । यिनीहरूले तीनतहले नेतृत्व प्रणाली अभ्यास गर्दैआएका छन् । राजा (गाउँको मुखिया), मन्त्री (न्याय-अन्याय छुट्ट्याउने वकिल) र सिपाही (राजा तथा मन्त्रीलाई सघाउने) यो समुदायका गाउँका स-साना झै-झगडाहरू मिलाउने नायक हुन् । यिनीहरूको खटनपटन, निर्देशन, निगरानी र नियन्त्रणमा किसान समुदाय चल्दैआएको छ । यी तीनवटा पदीय जिम्मेवारी तथा दायित्व बोकेका व्यक्तिले जवाफदेही भएर सामाजिक न्यायका आधारमा निसाफ गर्दछन् । यो कुरामा समुदायका सबै सदस्यहरूले विश्वास गरेको पाइन्छ ।




**राजा :** किसान जातिमा गाउँको मुखियालाई राजा भन्ने चलन छ । गाउँबुढो, महतो, मुखिया, बैगा जस्ता पदावलीले राजालाई जनाउँदछन् । आपत विपत, विवाह, उत्सव चाडपर्व, मेलापात परिवार वा समाजमा कुनै किसिमको समस्या आइलागेमा त्यसको समाधानका लागि सरसल्लाह गर्ने, खास व्यक्तिको निर्णयलाई सबैले स्वीकारगर्ने किसान समुदायमा एउटा विशेष परम्परा पाइन्छ । घर गाउँमा हुने ससाना झैझगडाका

लागि यिनीहरू कुनै सरकारी कार्यालय पनि धाउँदैन थिए । माथि उल्लिखित समस्याको समाधान गर्न गाउँको मुख्यकर्तालाई यिनीहरू राजा (गाउँको बुढो) वा बैंगा भन्दछन् ।

राजाको मृत्यु भएमा उसको जेठो छोराले नै उक्त पद प्राप्त गर्दछन् । राजा नावालक भए आमाले काममा सहयोग पुऱ्याइदिने परम्परा पाइन्छ । राजा हुनका लागि शारीरिक एवम् मानसिक स्थिति राम्रो हुनुपर्दछ । यदि कोही लठेब्रो, लाटो, बहिरो, लङ्गडो वा शारीरिक रूपमा असक्त एवम् मानिसक स्थिति ठीक नभएको भए त्यस्ता व्यक्तिले वंशाणुगत राजा हुने परम्परा भए तापनि उक्त पद पाउन सक्दैनन् । यस्तो अवस्थामा पूर्व राजाका नजिकका अन्य हकदारहरूको खोजी हुन्छ । राजाका निम्ति सकभर जेठो छोरा, सो नभए क्रमशः माइलो, साइलो, सो पनि नभए भाइ, नभए भाइका छोरा र त्यो पनि नभए नजिकको नातेदार हुनुपर्दछ ।

**मन्त्री :** मन्त्री राजाका सहयोगी हुन् । मन्त्रीलाई वकिल पनि भन्दछन् ।नेतृत्व प्रणालीमा मन्त्रीको स्थान दोस्रो हुन्छ ।राजा एक्लैले मात्र झैं झगडा छिनोफानो गर्न नसक्ने भएकोले राजाको सहयोगीको निम्ति मन्त्री (वकिल)को पनि व्यवस्था गरिएको पाइन्छ ।वल्लाघर, पल्लाघर, छरछिमेकी एवम् टाढाटाढासम्मका गाउँघरहरू जो राजाको नेतृत्व क्षेत्रभित्र पर्दछन् तिनीहरूका सम्बन्ध विस्तारगर्ने, राजा र उनीहरूका बीचमा मध्यस्थकर्ताका रूपमा कार्यगर्न र निरन्तर सहयोग पुऱ्याउनु मन्त्रीको पहिलो कर्तव्य हो । समग्रमा मन्त्री वा वकिलले मुद्दा, झगडा, अपराधजस्ता विषयको निया निसाफका लागि राजालाई सहयोग पुरयाउँदछन् ।गाउँलेहरूले नै राजा वा गाउँबुढालाई सहयोग पुऱ्याउन एक जना मन्त्री नियुक्त गरिदिएका हुन्छन् ।

**सिपाही :** किसान जातिको नेतृत्व प्रणालीअन्तर्गत सिपाही तेस्रो स्थानमा पर्दछ । यस्ता व्यक्तिलाई चौकीदार पनि भन्दछन् । गाउँमा राजाले अऱ्हाए खटाएको कार्यगर्न, आदेश तथा उर्दिस्थानीयसम्म पुऱ्याउन एवम् अपराधीलाई पक्रिएर राजा समक्ष ल्याईदिने कामका लागि सिपाहीको नियुक्ति गरिदिएको हुन्छ । राजाका साथै मन्त्रीले दिएको जिम्मेवारी पनि सिपाहीले पुरा गर्दछन् । घरगाउँको सुरक्षागर्ने दायित्व पनि सिपाहीकै हो । राजाको इच्छाअनुसार नै गाउँलेहरूले सिपाही नियुक्ती गर्दछन् । सामान्यतः शारीरिक रूपमा सक्षम व्यक्ति सिपाहीको निम्ति योग्य मानिन्छ ।

**निर्णय प्रक्रिया :** किसान समुदायमा कोही व्यक्तिलाई कसैबाट अन्याय भएको भए उक्त अन्यायमा परेको व्यक्तिले नयाँ गम्छामा १ रूपैया पच्चीस पैसा दाम राखेर राजा कहाँ उजुरी गर्नुपर्ने परम्परा थियो । हिजो आज उजुरीगर्ने रकममा बृद्धि हुनगई रू. २५ रूपैया पुगेको छ । अपराधको प्रकृति हेरी राजा र मन्त्रीले अपराधीलाई के कति र कस्तो दण्ड गर्ने हो सो को निर्णय गर्दछन् । यदि अपराध सामान्य प्रकृतिको भए त्यस्तो बेलामा मौखिक रूपमा सम्झाई बुझाई अपराधीलाई फेरी त्यस्तो गल्ती नगर्ने चेतावनी दिएर माफि मिनाह गरिदिने चलन छ। तर अपराध ठूलो भए अर्थात् चोरी, डकैती, कुटपिट जस्तो अपराधको दोषी उपर शारीरिक एवम् आर्थिक दण्ड गर्ने गर्दछन् । दण्ड सजायको मात्रा राजा र मन्त्रीले टुङ्गो लगाउँनु पर्दछ ।

यो समुदायमा सामाजिक दृष्टिले उच्चता र निचताको भावना पाइन्छ । भाषिक दृष्टिकोणले कवंर र किसान जाति एउटै जस्तो देखिए तापनि कवंरलाई किसानहरू आफूभन्दा तल्लो जातको ठान्दछन् । कसै कसैले उराव (झागड) र किसान जातिलाई एउटै मान्दछन् । किसानहरू आफूलाई उराव भन्दा छुट्टै एवम् सामाजिक दृष्टिले उच्च जातको भन्दछन् । यदि कोही केटाले उराव एवम् कवंर जातिको केटीसँग विवाह गरेमा त्यस्तो बेला

उक्त व्यक्तिलाई के गर्ने भन्ने अधिकार राजाको हुन्छ । नियम विपरित विवाह गर्ने केटालाई समाजले बहिष्कार गर्दछ । त्यस्तो व्यक्तिले पुनः समाजमा बस्न पाउँ भनी माथि तोकिएको दाम राखेर राजाकहाँ उजुरी हाल्नु पर्दछ । राजाले पनि उसलाई जरिवाना स्वरूप एउटा बोको र केही रूपैया तिर्न तोकि दिन्छन् । तोकिदिए बमोजिमको जिन्सी एवम् नगद राजालाई बुझाए पछि राजाले उक्त जरिवाना बापत सङ्कलित जिन्सी र नगदबाट एउटा भोजको आयोजनागरी सम्पूर्ण समाजलाई बोलाउँदछन् । समाजले बहिष्कार गरेको दम्पत्तिले छोएको खाद्य परिकारबाट राजाले थोरै भाग झिकेर खाइदिन्छन् । त्यसपछि सबैलाई उक्त भोज चल्दछ । सहभोज पछि ती नवदम्पत्ति सामाजिक दृष्टिले समान ठानिन्छन् । किसान समुदायमा यिनीहरूको भान्छा पानी चल्दछ ।

सामाजिक नियम मर्यादा विपरित गरिने कार्यलाई अपराध वा पाप सम्झने परम्परा किसान समुदायमा छ । त्यसैले यस समुदायमा धेरै किसिमका पाप एवम् अपराध हुने गर्दछन् । त्यस्ता अपराध एवम् पापहरूमध्ये गाइमार्ने वा गाईमारा, अर्काकी स्वास्नी हरणगर्ने, आफ्नो लोग्ने छोडी पोइल जानेजस्ता अपराधलाई सबैभन्दा ठूलो सम्झन्छन् । कोही व्यक्तिले गाई मारे वा कोही व्यक्तिको गाई बाँधेको ठाउँमा अल्झिएर मृत्यु भएमा त्यस्ता व्यक्तिको पानी समेत किसान समुदायमा चल्दैन । जसलाई यिनीहरू सबैभन्दा ठूलो अपराध सम्झन्छन् । गाईमारा व्यक्तिले समान सामाजिक मर्यादा पाउन र समाजमा मिलेर बस्नका लागि वा पानी चल्ने होइनका निम्ति १२ वटासम्म बोका दण्ड स्वरूप राजाकहाँ बुझाउनु पर्दछ ।

अर्काकी स्वास्नी हरणगर्ने एवम् परपुरुषसँग शारीरिक सम्बन्ध राख्ने वा पोइल जाने दुवैले उक्त अपराध वापत १२ हजार नगद राजालाई दण्ड स्वरूप बुझाउनु पर्ने परम्परा छ । पोइल जाने र ल्याउने दुवैले राजालाई दण्ड दस्तुर स्वरूप २४ हजार बुझाउनु पर्दछ । यस्तो अवस्थामा राजालाई फैसला गर्न असजिलो भएमा अर्को किसान समुदायको राजासँग सरसल्लाह तथा सहयोग लिन सक्दछन् । राजाले दण्ड सजायका लागि जरिवाना तोकिदिँदा कोही कसैले सो मान्न तयार नभए त्यस्ता व्यक्तिलाई घर प्रवेश एवम् गाउँ प्रवेश गर्न नदिनुका साथै अलग्गै राखिदिने प्रचलन छ । त्यस्ता व्यक्तिले छोएको भात पानी कसैले खाँदैनन । उसलाई अछुतोको जस्ता व्यवहार गर्दछन् । त्यसैले चोरी डकैती, ज्यान मार्नेजस्ता कार्य वाहेक अन्य किसिमका घरेलु एवम् गाउँले झैझगडा वा समस्याको निर्णय राजाका हातमा हुन्छ । राजाको निर्णयलाई कसैले पनि अस्वीकार गर्दैनन् । यस किसिमका फैसला गरिदिई न्याय निसाफ गरिदिए बापत राजाले एउटा सेतो धोती र पारिश्रमिक स्वरूप पाँच रूपैया पाउने परम्परा पाइन्छ ।

किसान जातिमा प्राचीनकालदेखि चल्दैआएको सामाजिक नेतृत्वको परम्परा विभिन्न किसिमका व्यवधान र कारणहरूले गर्दा लोप हुने अवस्थामा पुगेको छ । सामाजिक नेतृत्वका लागि नियुक्त गरिने राजा, मन्त्री र सिपाही जस्तो छुट्टै जातीय विशेषताको पहिचान दिने मौलिक परम्पराहरू नासिँदै गएमा नेपाली जातीय संस्कृतिको श्रृङ्खला भत्किन सक्छ । स्थलगत अध्ययनका क्रममा झापा जिल्लामा बसोबास गर्ने दश वटासम्म किसान बस्तीहरूको अवलोकन गरी यस किसिमको परम्पराको अवस्थाका बारेमा जानकारी लिने प्रयास गरिएको थियो । यस क्रममा ४/५ वटा टोलहरूमा मात्र राजा, मन्त्री र सिपाही नियुक्त गरिएका र तिनीहरूले आफ्नो काम कर्तब्य पुरा गर्दै गरेको पाइयो । यसर्थ यस प्रकारको परम्परालाई जीवन्त दिन उक्त परम्पराको महत्वका बारेमा किसान समुदायमा आवश्यक चेतना उपलब्ध गराउनु पर्ने देखिन्छ ।

## प्रथाजनित कानुन

प्रथाजनित कानुन कुनै पनि जातजाति, जनजाति समुदायमा परम्परादेखि निरन्तर अभ्यासमा ल्याइएको मौलिक तथा अलिखित नियम हो । जातीय मूल्यमान्यता, रीतिरिवाज, चालचलन, धर्म, संस्कृति परम्पराकै आधारमा समाज एवम् समुदायलाई व्यवस्थित रूपमा सञ्चालन गर्न निर्माण गरिएको सामुदायिक नीति नियमको मौखिक वा अलिखित दस्तावेजलाई प्रथाजनित कानुन भनिन्छ (दुलाल, २०७४, पृ. १०९) । समाज सञ्चालन तथा त्यसको विकास गर्नका लागि समाजमा विभिन्न किसिमका ऐन कानुनहरूको निर्माण तथा व्यवस्था गरिएको हुन्छ । प्रत्येक जाति, वर्ग, समुदाय तथा राष्ट्रका आ-आफ्नै नियम कानुन हुन्छन् । तिनै वैधानिक परम्पराको आधारमा जातजाति, समाज, समुदाय र राष्ट्र सञ्चालित हुने गर्दछन् । जातीय मूल्यमान्यता तथा परम्परामा आधारित त्यस्ता कानुनी प्रावधान प्रथाजनित कानुन हुन्(मेचे, २०६८, पृ. ४२५) ।

प्रत्येक जातीय समुदायका आफ्नै प्रकारका मूल्यमान्यता, आचारसंहिता र नियमकानुन हुने गर्दछन् । सामुदायिक नीति, नियम, परहेज, अनुशासन, मूल्यमान्यता, आचारसंहिता व्यवहार, वैधानिक परम्पराजस्ता विधि विधानलाई प्रथाजनित कानुन भन्ने गरिन्छ (श्रेष्ठ र दुलाल, २०७१, पृ. ३४) । संयुक्त राष्ट्रसङ्घीय आदिवासी जनजाति अधिकारसम्बन्धी घोषणापत्रको धारा ३४ र धारा ३५ मा प्रथाजनित कानुनलाई परिभाषित गरेको सन्दर्भ पाइन्छन् । आइएलओ (२००९, पृ.८२) को प्रकाशित गरेको प्रतिवेदनको धारा ३४ र ३५ ले गरेको परिभाषामा भनिएको छः

> आदिवासी जनजातिहरूको अधिकार प्रवर्द्धन, विकासगर्ने र उनीहरूको संस्थागत संरचनाका साथै पृथकखाले प्रथा, परम्परा, पद्धति, चलन र विद्यमान अवस्था अनुरूपको अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डसँग मेल खाने कानुनी पद्धति वा प्रचलनसँग सम्वन्धित विशेषत मौखिक परम्परामा आधारित आचारसंहिता प्रथाजनित कानुन हो । यस्ताकानुनी पद्धति,प्रथा तथा प्रचलनहरू सम्वन्धित समुदायका उत्थान, उन्नयन, नियन्त्रण र निगमनका प्रमुख आधार र स्रोत मानिन्छन् । समग्रमा प्रथाजनित कानुनआदिवासी जनजातिहरूले आफ्नो समुदायका सदस्यहरूका बीचमा जिम्मेवारी तथा दायित्व निर्धारण, वितरण, वाँडफाँड र व्यवस्थापनका निमित्त औपचारिकरूपमा सुनिश्चित गरेको अधिकार हो ।

जातजाति एवम् जनजातिहरूका समाज एवम् समुदायमा परम्परादेखि सक्रिय एवम् प्रभावकारीरूपमा समाजलाई नियन्त्रित तथा मर्यादित बनाउन निश्चित मूल्यमान्यता, रीतिरिवाज, आचार, नियम, मर्यादाहरू क्रियाशील रहँदै आएका छन् । यिनीहरूलाई प्रथाजनित कानुनकारूपमा लिने गरिन्छ । कतिपय सन्दर्भहरूमा हाम्रो राज्यको नियम कानुनभन्दा समुदायका कानुनहरू बढी शक्तिशाली एवम् प्रभावकारी हुनेगर्दछन् । यस सन्दर्भबाट जातजाति  जनजाति समुदायमा प्रचलनमा रहेका मूल्यमान्यता, मर्यादा, नियमकानुनहरू राज्यको मूल कानुनभन्दा महत्त्वपूर्ण र प्रभावकारीरूपमा क्रियाशील रहन्छन् भन्ने बुझ्न सकिन्छ । कतिपय समाज एवम् समुदायहरू आफ्नै प्रकारका प्रथाजनित कानुनहरूबाट नियन्त्रित भएका देखिन्छन् । यस सन्दर्भमा आइएलओ (२००९, पृ.८१)ले भनेको छः

अन्तर्राष्ट्रिय श्रम सङ्गठन, महासन्धि १६९ को धारा १ मा उल्लेख भएअनुसार सम्बन्धित समूहमा राष्ट्रिय कानुन तथा नियमावलीहरू लागु गर्दा उनीहरूको परम्परा वा परम्परागत कानुनहरूलाई उचित ध्यान दिइने छ । धारा २ मा सम्बन्धित समूहलाई राष्ट्रिय कानुन पद्धतिले मान्यता दिएका आधारभूत अधिकारहरू तथा अन्तर्राष्ट्रियरूपमा मान्यता प्राप्त मानव अधिकारसँग मेल खाने गरी आफ्नो परम्परा तथा संस्थालाई निरन्तरता दिने अधिकार हुने छ । यो सिद्धान्तलाई लागुगर्दा उत्पन्न हुनसक्ने द्वन्द्वहरूको समाधानका लागि आवश्यक भएको अवस्थामा उपर्युक्त प्रावधानहरूको निर्माण गरिने छ ।

प्रथाजनित कानुन जातजाति, जनजाति समुदायका मौखिक परम्परामा आधारित नियम कानुन हुन् । त्यस्ता प्रचलनहरू सम्बन्धित जातिका अलिखित वैधानिक परम्परा मानिन्छन् । समुदायलाई नियन्त्रित र निर्देशित गर्दै आदर्श समाज निर्माणगर्ने कार्यमा प्रथाजनित व्यवहारले उल्लेखनीय योगदान पुऱ्याउँदछ । किसान जातिमा पनि विभिन्न प्रकारका जातीय मूल्यमान्यता र आचार संहिताको व्यवस्था गरिएको पाइन्छ । उक्त परहेजजन्य व्यवहार यस समुदायका प्रथाजनित कानुन हुन् । ती यस प्रकार छन् :

- घर निर्माणमा स्थान टुङ्गो लागे पछि निर्माण कार्य प्रारम्भ गर्न धामीले शुभमुहुर्त निश्चित गरिदिने ।
- राजा, मन्त्री र सिपाही जस्ता नेतृत्वबाट समाज सञ्चालन हुने । सम्पूर्ण कुराको निर्णय उनीहरू माथि सुम्पिने । यिनीहरू छोरा नै हुनु पर्ने ।
- राजाको निम्ति राजाको जेठो छोरा, नभए माइलो, साहिलो, कान्छो, छोरा नभए भाइ, भाइ नभए भाइका छोरा, त्यो पनि नभए नजिकका नातेदार नियुक्ति गर्ने ।
- कोही कसैलाई अन्याय परेमा नयाँ गम्छामा एक रूपैया पच्चीस पैसा दाम राखेर राजाकहाँ उजुरगर्न पाउने व्यवस्था ।
- जात धर्म नमिल्नेसँग विवाहवारी चल्दैन । कसैले गरेमा के गर्ने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार राजा वा बैगासँग हुने । जात धर्म मिल्नेसँग प्रेम विवाह गरेका केटीका आमा, हजुरआमा, सालोलाई एक जोर कपडा दिनु पर्ने ।
- गौहत्या, परस्त्री गमन र पोइल जानेजस्ता कर्मलाई किसान जातिमा ठूलो अपराध मानिन्छ । यसो गर्नेलाई राजाले ठूलो सजायगर्न सक्दछन् ।
- छोराको न्वारन गर्दा रातो भाले र छोरीको न्वारनमा रातो पोथी काट्ने ।
- मितलाई मिता, मार, दोस भन्ने र मित मितिनी भेटघाट हुँदा अनुहार देखाँउदैनन् । मितमित भेटघाटमा भने गला मिलाउँदछन् ।
- महिनावारी भएको बखत ४ दिनसम्म सम्बन्धित व्यक्तिलाई छुन नहुने ।
- सुत्केरी हुनुभन्दा दुई तीन दिन अघिबाट गर्भवतीलाई सौरी घरमा राखि दगरिन (सुडेनी)को व्यवस्था गर्ने ।
- नवजात शिशुको न्वारन दुई पटक गर्ने । पहिलो आठौं दिन सामान्य रूपमा र दोस्रो बाह्रौं दिनमा विशेष रूपमा गर्दछन् । यसलाई बरही भन्ने चलन छ ।

- बच्चाको नाम ग्रह नक्षत्रका आधारमा नराखी जन्मबार एवम् घट्नाका आधारमा राख्ने परम्परा छ ।
- देवाइर (धामी) दगरिन (सुडेनी) लाई आर्थिक क्षमताअनुसार केही नगद र एकजोर कपडा दिने ।
- विवाहमा केटा पक्षबाट केटी घरमा दुई मन धान, एक मन चामल र ५ किलो दाल दिनु पर्ने । यो रित बुझाउने कर्म हो ।
- रित लिने दिने कार्य सकिए पछि कुनै कारणले विवाह हुन नसकेमा केटी केटाकै घरमा बस्ने र सहवास गर्न पाउने चलन छ । यस्तो अवस्थामा जन्मिएका छोराछोरीका विवाह गर्नु अघि आफ्नो विवाह गर्नुपर्दछ ।
- विवाह भएको १५ दिन पछि केटीलाई माइत फर्काउनु पर्दछ । यो कर्मलाई दुषी अर्थात् वौरत भन्दछन् ।
- विधवा विवाह किसान समुदायको मान्यता प्राप्त विवाह हो । यसलाई सगाइ भन्दछन् । विधवा विवाहमा केटा पनि विदूर नै हुनुपर्दछ ।
- जेठो छोराले मात्र काज किरिया गर्ने, छोरा नभए छोरी र छोराछोरी नभए नजिकको नातेदारले क्रिया गर्ने, नुन खोर्सानी, तेल, माछा, मासु खान नहुने । क्रिया बस्नेले खोला तर्न नहुने । तेह्रौं दिनका दिन परिवारका अन्य सदस्यले दाह्री मात्र काट्ने र क्रिया बस्नेले खोलामा गई कपाल काटि टाउकोमा तेल बेसार दल्ने।
- शुद्धी कर्म पुरागर्दा नुन खोर्सानी मिसाएर बनाएको पान अनिवार्य रूपमा खानुपर्दछ ।
- रजस्वाला भएका बखत लगाएको कपडा जथाभावी राख्न वा फाल्न नहुने ।

## लोकविश्वास

लोक शब्द संस्कृत भाषाको लोक् दर्शने धातुमा धय् प्रत्यय लागेर बनेको शब्द हो । लोक शब्द ज्यादै प्राचीन मानिन्छ । साधारण जनता बुझाउनका लागि ऋग्वेदमा यो शब्दको प्रयोग धेरै ठाउँमा भएको छ (उपाध्याय, १९९८, पृ.९) । लोक मानिसको व्यापक समूह बुझाउने शब्द हो । लोकआस्था र जनविश्वासलाई लोकविश्वास भनिन्छ । परम्परादेखि चलिआएका रीतिथिति, चालचलन तथा व्यवहारको प्रवाहबाट लोकविश्वाससँग सम्बन्धित मूल्यमान्यता निर्माण हुन्छन् । अनेक किसिमका जनविश्वासहरू जुनसुकै समाजको जीवनशैली निर्धारित, निर्देशित र व्यवस्थित गर्ने आधार हुन्। श्रद्धाबाट उत्पन्न भएका विश्वासहरू सामाजिक संरचनाको विकासको गतिशिलतामा महत्वपूर्ण जीवनधाराका रूपमा प्रतिष्ठित हुन्छन् (दाहाल, २०७२, पृ.७०-७१) ।

देवीदेवता, भूतप्रेत, धामीझाँक्री, पृथ्वी, आकाश, स्वर्ग, नर्क, रोगव्याधि, शुभ अशुभजस्ता धारणासँग सम्बन्धित थुप्रै घटनाहरू लोकविश्वासका आधार हुन् । विभिन्न तत्व एवम् शक्तिहरू माथिको आशा, भरोसा एवम् सोहि अनुकुलको जीवन शैलीलाई लोकविश्वास भन्न सकिन्छ(दुलाल,२०७६, पृ. ८०) । लोकले परम्परादेखि मान्दै आएको धर्म लोकधर्म हो । लोकका आफ्ना विश्वास र मान्यताहरू पनि हुन्छन् जसको प्रचलन प्राचीनकालदेखि अहिलेसम्म हुँदै आएको छ । यी विश्वास एवम् मान्यताहरू नै लोकविश्वास हुन् । लोकविश्वासअन्तर्गत विश्व व्रम्हाण्ड, प्रकृति, पशुपंक्षी, रुखपात, दिन, महिना, स्वप्न, सकुनजस्ता लोकप्रचलित विश्वासहरू र भूत, प्रेत, डाकिनी, बोक्सी,जादु, धामी, झाँक्रीजस्ता जनविश्वास एवम् तीसँग सम्बन्धित लोकब्यवहार पर्दछन् (बन्धु, २०६६, पृ.१५) ।

धर्म, धार्मिक सम्प्रदाय, देउदेउता, अलौकिक शक्ति भूतप्रेतजस्ता पक्ष तथा तत्व प्रतिको मान सम्मान एवम् आस्था भनेको लोकविश्वास हो । कुनै अलौकिक शक्ति एवम् घट्नामाथिको जनमानसको आस्थालाई नै लोकविश्वास मानिन्छ । यसअन्तर्गत, धर्म, धार्मिक मत, देवी देवताप्रतिको आस्था, भूतप्रेत प्रतिको सामूहिक स्वीकार्यता, पूजा, अर्चना, देवोपासना, आराधनाजस्ता क्रियाकलापहरू पर्दछन् । धर्म, धार्मिक मत, देउदेउता, भूतप्रेत, रोगव्याधि, पशुपंक्षी, जीवन, वालीनालीजस्ता पक्षसँग सम्बन्धित लोकविश्वास पाइन्छन् । यस सन्दर्भमा दाहाल (२०७२, पृ.७०-७१) भन्दछन्:

> प्रथाजनित कानुन सरहनै लोकविश्वास पनि जातजाति, जनजाति समुदायमा प्रचलनमा रहेका मौखिक परम्परामा आधारित व्यवहार हुन् । सम्बन्धित समुदायलाई नियन्त्रित र निर्देशितगर्दै आदर्श समाज निर्माणगर्ने कार्यमा लोकविश्वासले निर्वाह गरेको भूमिका उल्लेखनीय छ । जातीय मूल्यमान्यता तथा संस्कृतिअनुसार लोकविश्वास फरकफरक पाइन्छन् । मानवीय श्रद्धाबाट निर्मित लोकविश्वासको सङ्ख्या असाध्यै धेरै छ । थारू समुदायमा प्रचलित लोकविश्वास पनि धेरै छन् । ती विश्वासहरूलाई धर्म, देवीदेवता, संस्कार, व्यवसायसँग सम्बन्धित विश्वास र अन्य प्रचलित विश्वासका रूपमा वर्गीकरण गर्न सकिन्छ ।

किसान समुदायमा आफ्नै प्रकारका जातीय धार्मिक मूल्यमान्यता एवम् विश्वासहरू पाइन्छन् । त्यस्ता मूल्यमान्यता एवम् विश्वासलाई यिनीहरूका लोकधर्म एवम लोकविश्वासका महत्त्वपूर्ण पक्षका रूपमा लिन सकिन्छ । यो समुदायमा लोकविश्वास निकै प्रचलित एवम् प्रभावकारी छ । किसान जाति हिन्दू धर्मालम्बी हुन् । महादेवलाई सबैभन्दा ठूलो देवताको रूपमा अत्याधिक श्रद्धा र भक्ति साथ पूजा गर्दछन् । विष्णु, पार्वती, काली, आकाश, पाताल, चन्द्र, सूर्य, धर्ती पनि पूजा उपासना गरिने मुख्य देउदेउता हुन् । तुलसी, पिपलको पूजा, धामीझाक्री, भूतप्रेत, बोक्सी, डङ्किनजस्ता परम्पराहरू यस जातिमा प्रचूर मात्रामा पाइन्छन् । यिनै देउदेउता प्रथा परम्परा प्रतिको आस्था यिनीहरूको लोकविश्वास हो । जो यस प्रकार छन् :

- नयाँ घर निर्माण गर्दा सिकारी देउता(महादेव)का लागि छुट्टै कोठाको व्यवस्था गरी प्रत्येक १५ दिनमा भात पकाएर खाने ।
- गृह प्रवेश गर्दा कुलदेवता, महादेव, विष्णु, जलदेवता, पृथ्वी देवता, आकासदेवताको पूजा उपासना तथा स्तुति गरी विशेषतः वसन्त पञ्चमी तथा वैशाख संक्रान्तिलाई अवसर बनाउने ।
- विवाह भएको धेरै समयसम्म गर्भ नरहेमा वा बारम्बार गर्भ पतन भएमा धामीझाँक्री लगाउने, झारफुक, जडिबुटीको प्रयोगगर्ने, घरका देउदेउताको पूजा तथा भाकल भोग चढाउने ।
- गर्भरहेको ६ महिना पछि सकभर शारीरिक सम्बन्ध नराख्ने, रातमा हिँडडुल नगर्ने, मसानघाट नजाने, नदी खोला नतर्ने, श्राद्ध गरेको घरमा उक्त दिन नखाने, लोग्नेले मारकाट नगर्ने, मलाम नजाने आदि ।
- गर्भवतीको बायाँ भाग वा पैतालाभन्दा दायाँ गोढा वा पैताला सुन्निएमा, दायाँआँखा केही गाडिएमा केरा वा मेवा खान इच्छा गरेमा छोरा हुने र यी कुरा विपरित रोटी, पुवा, अचार खान खोजेमा छोरी हुने विश्वास ।
- सौरी घरमा एक छेउमा आगो र आगोमाथि फुटेको कराइको एक टुक्रा वा गाग्री राख्ने ।
- विवाह गर्दा केटाको भन्दा केटीको उमेर १/२ वर्ष बढी भएमा राम्रो हुने ।

- विवाहमा केटा पक्षकाले केटीलाई लिएर केटाका घरमा जन्ति जान्छन् । विवाहको प्रयास केटा पक्षबाट प्रारम्भ हुन्छ । लमीले प्रस्ताव लैजान्छन् । केटा पक्षबाट लगेका पोशाक तथा गरगहना केटीले पहिरिएर केटा पक्ष र अन्यलाई अभिवादन (ढोग चढाए) गरे केटीले स्वीकृत दिएको ठानिने ।
- चैत्र, असोज र कार्तिक महिनालाई विवाहका लागि शुभ नमान्ने । जेठ, असार,श्रावण, भाद्र, पुष कृषि कार्यका लागि महत्वपूर्ण भएकाले सकभर यो महिना पनि विवाह नगर्ने । सामान्यतः मंसिर, माघ, फाल्गुण र बैशाख महिनालाई शुभ र असल मान्ने ।
- मानिसको मृत्यु हुनुभन्दा अघि धामीझाँक्रीले कानमा मन्त्र उच्चारणगर्दै झारफुकगर्ने, तुलसीको पानी खुवाउँदै आफ्नै विस्तरामा मर्न दिन्छन् । पार्थिव शरीर गङ्गाजलले चोख्याउने ।
- मृत शरीरलाई तेल, बेसार दलेर, हर्दी तेल माइक विधि पुरा गरी गाड्ने यसो गर्दा शव र आत्मा शुद्ध हुने ।
- जलाउने वा गाड्ने स्थान किन्नु पर्दछ भन्ने विश्वासले उक्त स्थान वरपर केही पैसा छर्ने ।
- दाहसंस्कार कार्य सम्पन्न भए पछि उक्त स्थानमा एक जोर थाल, कचौरा, केही धान, गहुँ र चामल राखिदिने । यसो गर्दा मृत आत्मालाई परलोकमा खानेकुराको अभाव नहुने ।
- तेह्रौं दिनको भोली पल्ट छोइपहुनक नामक विधि गर्ने । यसो गर्दा गाउँघरमा छरछिमेकको सातो जाँदैन भन्ने विश्वास ।
- गर्भवतीले बालक जन्मनुभन्दा अघि पेटानीले तुलसीको बोट छुन नहुने ।

## अभ्यासको अवस्था

विबेच्य क्षेत्रका किसान समुदायमा विगत केही वर्षसम्म पनि मौलिक सङ्घ संस्था, परम्परागत नेतृत्व प्रणाली, प्रथाजनित कानुन तथा लोकविश्वाससँग सम्बन्धित विविध पक्षहरू प्रचलनमा थिए । यस्ता परम्परागत सामाजिक एकाइ, नेतृत्व, आचार संहिता र लोकविश्वासले सम्बन्धित समुदाय सञ्चालन गर्ने कार्यमा सकारात्मक भूमिका खेल्दथे । समाजमा प्रत्येक गतिविधिसँग यी परम्पराहरू जोडिन्थे । हिजोआज यी संस्था, नेतृत्व प्रणाली, प्रथाजनित कानुन र लोकविश्वासको प्रयोग गर्न विस्तारै छोड्दै गएको अवस्था छ । उतिधेरै अभ्यास पनि गरिदैन । अभ्यास गर्ने कार्यमा कमी आउन थालेको देखिन्छ । यस्ता परम्पराहरू हाम्रा सांस्कृतिक सम्पदा हुन् । निरन्तर प्रयोग गर्नुपर्दछ भन्ने कुराको ज्ञान युवा पुस्तामा धेरै कम पाइन्छ । यद्यपि हिजोआज आफ्नो संस्कृति संरक्षण गर्ने उद्देश्यले किसान समुदाय विकास संस्था स्थापना गरेका छन् (झापा समाचारदाता, २०७३, पृ. १५) । उक्त संस्था मार्फत पुनः सांस्कृतिक परम्पराको संरक्षण गर्नेतर्फ स्थानीयहरू क्रियाशील हुन थालेको देखिन्छ । यो यस क्षेत्रको सकारात्मक र उल्लेखनीय पक्ष हो ।

## संरक्षण-संवर्द्धनको आवश्यकता

संसारमा आदिवासी जनजाति बसोबास गर्ने सबैजसो मुलुकहरूमा सम्बन्धित समुदायको मौलिक पहिचान कायम गर्ने छुट्टै प्रथा एवम् प्रथाजनित कानुन निरन्तर अभ्यासमा रहेका देखिन्छन् । यस्ता प्रथाजनित कानुनलाई सम्बन्धित मुलुकहरूले बिस्तारै राष्ट्रिय कानुनी पद्दतिमा समावेश गर्दै व्यवहारिक प्रयोग गर्न थालेका हुन् ।प्रथा एवम् प्रथाजनित कानुनको प्रयोगका सन्दर्भमा आइएलओ (२००९, पृ. ८६-८९) भनेको छः

ल्याटिन अमेरिकाले आदिवासी जनजातिका प्रथाजनित कानुनलाई सन् १९९० मा राष्ट्रिय कानुन पद्धतिमा समावेश गऱ्यो । इक्वेडरमा कानुनी बहुलतालाई सन् १९९८ देखि मान्यता दिइयो । बोलिभिया, कोलम्बिया, मेक्सिको, निकारागुवा, पराग्वे, पेरू, भेनेज्वेला, बंगलादेश, केन्या, फिनल्याण्ड, डेनमार्क, फिलिपिन्स जस्ता मुलुकहरूले समेत स्थानीय आदिवासी जनजातिका प्रथा र प्रथाजनित कानुनलाई राष्ट्रिय कानुनी पद्दतिमा समावेश गरि सकेका छन् ।

नेपालमा धेरैको सङ्ख्यामा जातजाति, जनजाति समुदायको बसोबास पाइन्छ । ती जातजाति जनजातिका छुट्टाछुट्टै प्रथा, प्रथाजनिन कानुन र सांस्कृतिक विशेषता छन् । यतिबेला राज्यले सबै समुदायका मौलिक प्रथा, नेतृत्वप्रणाली र प्रथाजनित कानुनलाई सम्मानगर्ने नीति लिएको छ । यस्ता परम्पराको पहिचान, वर्गीकरण, संरक्षण सम्वर्द्वन गर्ने कार्यमा जोड दिँदैआएको देखिन्छ । यसको व्यवस्था २०७२मा जारी नेपालको संबिधानको भाग ३ को धारा ३२ मा भाषा तथा संस्कृतिको हकसम्बन्धी महलले गरेको छ । उक्त धाराका ३ वटा दफामा व्यवस्था गरेअनुसार दफा १ मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक, दफा २ मा प्रत्येक व्यक्ति र समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हकर दफा ३ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुने छ भनिएको छ (नेपाल सरकार, २०७२, पृ.१४) । संवैधानिक यो व्यवस्थाले जातीय पहिचानको आधार मानिने प्रथा र प्रथाजनित कानुनलाई राष्ट्रिय कानुनी पद्दतिमा समावेश गरेको सङ्केत गर्दछ ।

## निष्कर्ष

किसान नेपालमा बसोबास गर्ने विभिन्न समुदायमध्ये अल्पसंख्यक लोपोन्मुख समूहअन्तर्गत पर्ने आदिवासी जनजाति हो । द्रविड प्रजातीय शारीरिक गुण भएको यो जातिको आफ्नो छुट्टै भाषा छैन । यिनीहरूले बोल्ने भाषालाई साद्री भनिन्छ । भारतमा यो जातिको बसोबास झारखण्ड, पश्चिम बंगाल, उडिसा, उत्तरप्रदेश र बिहारमा पाइन्छ । नेपालमा यिनीहरू भारतबाटै प्रवेश गरेका हुन् । झापा जिल्लाको धाईजन, शान्तिनगर, बाहुनडाँगी, अनारमनी, मेचीनगरजस्ता गाउँबस्तीहरूमा यिनीहरू बसोबास गर्दछन् । वि.स. २०६८ को जनगणनाअनुसार यिनीहरूको कुल जनसङ्ख्या १७३९ छ । किसान जातिमा सेद्रिया र तेलिया दुईवटा थर छन् । कुश गोत्र दुवै थरकोसाझा गोत्र हो ।

यो जाति धार्मिक, सामाजिक संरचना र सांस्कृतिक परम्पराको दृष्टिले सम्पन्न छ । यो क्षेत्रमा मौलिक विशेषता पाइन्छन् । समाजलाई व्यवस्थित, मर्यादित, अनुशासित राख्न यो जातिमा आफ्नै प्रकारको सामाजिक नेतृत्व प्रणाली पाइन्छ । न्याय निसाफ गर्ने एउटा कचहरी हुन्छ । त्यहाँ राजा, मन्त्री र सिपाहीले समाजमा नायकको रूपमा कार्य सम्पादन गर्दछन् । राजा गाउँका मुखिया हुन् । यिनलाई गाउँ बुढा वा बैगा भन्ने चलन छ । राजा पछिको दोस्रो स्थान मन्त्रीको हो । यिनलाई समाजको वकिलकै रूपमा मान्दछन् । तेस्रो स्थान सिपाहीको हुन्छ । सिपाहीले चौकीदारको जस्तै समाजको हेरचाह र सुरक्षा गर्नुपर्दछ । नेतृत्व प्रणालीका साथै समाजलाई नियमन गर्न आचार संहिता र नीति-नियम हुन्छन् । ती नीति-नियम यो समुदायका प्रथाजनित कानुन हुन् । देवीदेवता प्रतिको विश्वास यो समुदायमा पाइन्छ । ती यो जातिका लोकविश्वास हुन् । तिनै नियम, कानुन तथा लोकविश्वासका आधारमा समाज नियन्त्रित र निर्देशित हुने परम्परा थियो ।

हिजोआज समाजलाई नियमित र निर्देशितगर्ने परम्परागत नेतृत्व प्रणाली, प्रथाजनित कानुन र लोकविश्वासको अभ्यास यो समुदायमा हुनछाडेको छ । गाउँको समस्या पहिला गाउँमा समाधान हुन्थे । वर्तमान स्थानीय प्रहरी चौकी र वडा कार्यालयमा न्याय निसाफ खोज्न जाने गरेका छन् । सम्बन्धित वडा र प्रहरी चौकीबाट समाधान नभए गाउँपालिकावा नगरपालिकामा समेत जाने परम्परा बृद्धि हुँदै आएको छ ।

किसान जातिमा मौलिक तथा परम्परागत संस्था, नेतृत्व प्रणाली प्रथाजनित कानुन एवम् लोकविश्वासका आफ्नै किसिमका संरचना र व्यवहारहरू छन् । व्यक्तिलाई सामाजिकीकरण तथा सशक्तीकरण गर्ने प्रक्रियालाई प्रभावकारी बनाउन यस्ता परम्पराहरूले उल्लेख्य महत्व राख्दै आएको बुझिन्छ । यस्ता लोकसंस्था, प्रथा, परम्परा, जातीय कानुन र लोकविश्वासका उत्पादक सम्बन्धित समुदायका सदस्य हुन् । यी सांस्कृतिक परम्पराका प्रथम उपभोक्ता पनि उनीहरू नै मानिन्छन् । निरन्तर अभ्यासगर्दै संरक्षण सम्वर्द्धनगर्ने पहिलो जिम्मेवारी र दायित्व पनि सम्बन्धित समुदायकै हो । त्यसपछि मात्र अन्य नागरिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था र राज्यको हुन्छ । समग्रमा मौलिक संस्था, परम्परागत नेतृत्व प्रणाली, प्रथाजनित कानुन र लोकविश्वास हाम्रो संस्कृति हो । यसको संरक्षण सम्वर्द्धनले मात्र अन्तर्राष्ट्रिय जगतमा हाम्रो चिनारी र छवि स्थापित हुन्छ । पहिचान जोगिन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, केशवप्रसाद (२०५८ क). किसान जाति एक चिनारी, *प्राचीन नेपाल,* काठमाडौँ : पुरातत्त्व विभाग (सङ्ख्या-१४८) पृ. ४३-५२ ।

अधिकारी, केशवप्रसाद (२०५८ ख). किसान जाति एक चिनारी, *विवेचना दैनिक,* (वर्ष-९, अङ्क-१७-२२) पृ.२ ।

आइ.एल.ओ. (२००९). *अभ्यासमा आदिवासी जनजाति अधिकार,* काठमाडौंः अन्तर्राष्ट्रिय श्रम सङ्गठन् ।

उक्याव, ताम्ला र अधिकारी, श्याम (२०५७). *नेपालका आदिवासी जनजातिहरू,* काठमाडौँ : श्री ५ को सरकार स्थानीय विकास मन्त्रालय, रा.वि.ज.स. ।

उपाध्याय, कृष्णदेव (१९९८). *लोक साहित्यकी भूमिका,* इलाहवाद : साहित्य भवन प्रा.लि., सातौं संस्करण ।

खत्री, प्रेमकुमार (२०५५). *उत्पत्ति : मानव सभ्यताका केही पक्षको ऐतिहासिक एवम् मानवशास्त्रीय अध्ययन,* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

खोजी नेपाल (२०५९). *मोरङ एवम् झापा जिल्लाका मेचे किसान, तथा धिमाल जातिको जातीय संस्कृति झल्कने खुला सङ्ग्रहालयको रूपमा विकास गर्न गाउँको छनोटका निम्ति प्रस्तुत अध्ययन प्रतिवेदन,* काठमाडौँ : श्री ५ को सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संस्कृति संरक्षण एवम् प्रवर्द्धन महाशाखा ।

गुणायत, जगदीश (१९६०). *उराव और साहित्य पञ्चदश लोकभाषा निबन्धावली,* विहार : राष्ट्र भाषा परिषद् ।

झापा समाचारदाता (२०७६). पहिचान गुमाउदै किसान, *गोरखापत्र* (भाद्र १९, विहिबार) पृ. १५ ।

दाहाल, महेशराज (२०७२). थारू जातिमा प्रचलित लोकविश्वास, *Voice of Culture,* काठमाडौँ : संस्कृति विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, अनुसन्धान समिति (Vol. VII) पृ. ७०-७३ ।

दिवस, तुलसी (२०६५ क). *दनुवार लोकवार्ता तथा लोकजीवन,* काठमाडौँ : नेपाली लोकवार्ता तथा संस्कृतिक समाज (परियोजना निर्देशक) ।

दिवस, तुलसी (२०६५ ख). *थारु लोकवार्ता तथा लोकजीवन,* काठमाडौँ : नेपाली लोकवार्ता तथा संस्कृतिक समाज (परियोजना निर्देशक) ।

दुलाल, लोकनाथ (२०७४). तामाङ्ग समुदायका मौलिक संस्था, नेतृत्व प्रणाली र प्रथाजनित कानुन, *प्रज्ञा,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, (अङ्क-१, पूर्णाङ्क-११५) पृ. १०३-११४ ।

दुलाल, लोकनाथ (२०७६). सुरेल जातिका लोकप्रथा, प्रथाजनित कानुन एवम् लोकविश्वास, *अमूर्त संस्कृति,* काठमाडौँ : नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय, (वर्ष-३, अङ्क-३)पृ. ७४-८२ ।

नेपाल सरकार (२०७२). *नेपालको संविधान,* काठमाडौँ : कानुनी किताब व्यवस्था समिति ।

मेचे, सन्तलाल (२०६८). *मेचे इतिहास र संस्कृति,* झापा : श्रीमती बिना मेचे ।

यादव, उपेन्द्र (२०५४). *नेपालका मधेशी समुदायः एक विवेचना,* विराटनगर : आदिवासी जनजाति विकास तथा अनुसन्धान केन्द्र ।

यादव, देवनारायण (२०६७). *किसान जातिको भाषा र संस्कृतिको अध्ययन,* मोलुङ, भक्तपुर : मोलुङ पब्लिकेसन (वर्ष-१, अङ्क-१) पृ. ८१-८६ ।

वन्धु, चुडामणि (२०६६). *नेपाली लोक साहित्य,* काठमाडौँ : एकता बुक्स एण्ड डिष्ट्रीब्युटर्स ।

शर्मा, जनकलाल (२०५२).नेपालको सामाजिक सांस्कृतिक इतिहासमा आदिवासीहरूको योगदान, *गरिमा* (वर्ष-१२, अङ्क-१०, पूर्णाङ्क-१४५) पृ.८५-८९ ।

श्रेष्ठ, मदनगोपाल र दुलाल, लोकनाथ (२०७१). *रामेछाप जिल्ला भलुवाजोर गाविससमा बसोबास गर्ने माझी जातिका अमूर्त सांस्कृतिक सम्पदाहरूको पहिचान तथा संरक्षण सम्बर्द्धन,* काठमाडौँ : संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संस्कृति महाशाखा (अ.प्र. प्रतिवेदन) ।

C.B.S. (2012).*National Population & Housing Census-2011, (National Report)* Govt. of Nepal National Planning Commission, 2012.

Dahal, D.R. (1977). *Indian Ethnic Group in the Nepal Terai : A Study of Immigration Patterns and Socio-economics behaviour,* Kirtipur: CNAS (Unpublished Reports).

Risley. H.H.(1981). *The Tribes and Castes of Bengal : Ethnographic glossary.* Bengal: Bengal Secreteriat Press.

Roy, I. B. (2005). *Anthropology the Study of Man*. New Delhi: S. Chand & Company.

WWW.censusindia.gov.in(2076/04/48)

https://joshuaproject.net-people_gr…(2076/04/48)